प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

फोन: ०९१-४१७४१० (मा.मन्त्री ज्यू)
फोन: ०९१-४१६१६८ (सचिव ज्यू)
फोन: ०९१-४१७२२५(प्र. महाशाखा)
फोन: ०९१-४१६६२१(प्रा. महाशाखा)
इमेल: molmac7@gmail.com

प.स.: ०७५।७६
च.नं.

**विषयः केराको गुणस्तरीय बिरुवा उपलब्ध गराउन सूचिकृत हुन आउने बारेको सूचना ।**

**(प्रथम पटक सूचना प्रकाशन मितिः २०७५/१२/२८)**

यस मन्त्रालयको चालु आ.व. २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार केरा खेती क्षेत्र विस्तार कार्यक्रम संचालन गर्नु पर्ने भएकाले केराको गुणस्तरीय बिरुवाहरु उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त नर्सरी तथा व्यवसायिक केरा खेतीमा संलग्न कृषक समूह/सहकारीहरु लाई तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही यही मिति २०७६/०१/१० गते भित्र आफूले उपलब्ध गराउन सक्ने केराको बिरुवाको जात, परिमाण र गुणस्तर खुलेको विवरण सहित यस मन्त्रालयमा सूचिकृत हुन आउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारी तथा भर्नुपर्ने फारमहरु (अनुसूचीहरु) को लागि यस मन्त्रालयको वेबसाइट molmac.p7.gov.np हेर्नु हुन वा खाद्य सूरक्षा तथा कृषि व्यवसाय प्रवर्धन महाशाखाको फोन नं. ०९१-४१६६२१ मा सम्पर्क गर्नु हुन समेत जानकारी गराईन्छ ।

तपसिलः

शर्तहरुः

१. कृषकहरु माझ लोकप्रिय एवं प्रचलित जातहरु (विलियम हाइब्रिड, जी-नाइन, मालभोग र अन्य स्थानीय जातहरु) हुनु पर्ने ।
२. टिस्युकल्चर प्रविधीबाट उत्पादित तथा पोलिब्यागमा नर्सरी भित्र हुर्काएको गुणस्तरीय बिरुवाहरु वा सकर बिरुवाहरु हुनु पर्ने ।
३. पोलीब्यागमा हुर्काएको विरुवाहरु ब्याग बाहेक कम्तिमा ८ इन्च अग्लो तथा सकर बिरुवाहरुको हकमा कम्तिमा २ फिट अग्लो साइजको हुनु पर्ने ।
४. केरा बेर्नाको स्रोत (तन्तु प्रजनन प्रयोगशाला वा नर्सरीको नाम, ठेगाना) खुलेको हुनु पर्ने ।

पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

१. नर्सरी तथा समूह/सहकारी दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
२. नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपी ।
३. मूल्य अभिवृद्धी करमा दर्ता भएको वा स्थायी लेखा नं. प्रमाणपत्र ।
४. आ.व. २०७४/०७५ को आयकर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी ।
५. अनुसूची – १,२ र अनुसूची २ (क) बमोजिमको ढाँचामा पूर्ण विवरण भरी पेश गर्नुपर्ने ।
६. सम्बन्धित वडा कार्यपालिकाको सिफारिश ।
७. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
८. नर्सरी सम्बन्धी अन्य कागजातहरु (जस्तै तालिम आदी) ।

रविन्द्र बहादुर प्रधान
सचिव

अनुसूची -१

उपलब्ध गराइने केराको बिरुवाहरूको बिस्तृत बिवरण

| क.सं. | केराको जात | परिमाण (संख्या) | बेर्ना/बिरुवाको उचाई | बेर्ना/बिरुवाको उमेर | बिरुवाको किसिम | | बिरुवाहरुको मूलस्रोत (तन्तु प्रजनन प्रयोगशाला/नर्सरीको) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | तन्तु प्रजनन बाट उत्पादित | सकर | नाम, ठेगाना | सम्पर्क नं. | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## अनुसूची -२

### बिगत तीन वर्षमा बिक्री वितरण गरिएको केराको बिरुवाहरूको विवरण

| क.सं. | जात | पहिलो वर्ष आ.ब. २०७२/०७३ | | दोश्रो वर्ष आ.ब. २०७३/०७४ | | तेश्रो वर्ष आ.ब. २०७४/०७५ | | जम्मा | | बिरुवाको किसिम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बिक्री संख्या | स्थान | बिक्री संख्या | स्थान | बिक्री संख्या | स्थान | बिक्री संख्या | स्थान | तन्तु प्रजनन | सकर |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |